# ट्रान्स व्यक्तिहरुको लागि अन्य कानूनी चरणहरु



APTN
Asia Pacific Transgender Network

"APTN तथ्यांक पानाहरू : एसिया र प्रसान्तमा ट्रान्स हुँदा" को प्रमुख लेखक र परामर्शदाता Jack Byrne, र चित्रकार तथा डिजाइनर Sam Orchard प्रति एसिया प्रसान्त ट्रान्स जेन्डर संजाल आभारी छ।

व्यक्तिगत पुनरावलोकनकर्ताहरू: Alexa Knowles, Alexander Tay, Cianān Russell, Gee Semmalar, Gillio Baxter, Hua Boonyapisomparn, Kasper Wan, Manisha Dhakal, Pipi Seaklay, Pritz Rianzi, Regiel Arcon र Vince Go हरूको अमुल्य सुझावहरू प्रति पनि APTN र Jack Byrne आभारी छन् ।

साथै, Joe Wong, Kevin Halim र Natt Kraipet (APTN), Zhan Chaim (ILGA), Brianna Harrison (UNAIDS Regional Support Team, Bangkok), Dr Asa Radix (Callen-Lorde Community Health Center, New York City) र Darrin Adams बाट प्राविधिक ज्ञान प्राप्त भएको थियो ।

यो दस्ताबेजको विकासमा प्रबन्ध र समन्वय Joe Wong ले गरेका हुन् ।

यो दस्ताबेजको विकासमा Robert Carr civil society Network Fund (RCNF) र UNAIDS Regional Support Team को सहयोग छ ।

# ट्रान्स व्यक्तिहरुको लागि अन्य कानूनी चरणहरु

**मलाई लाग्छ म ट्रान्स हुन सक्छु**
एसिया प्रसान्त ट्रान्सजेन्डर संजालबाट २०१६ मा पहिलो पटक प्रकाशित
लेखक: Jack Byrne
चित्रकार र डिजाइनर: Sam Orchard

थप जानकारीको लागी, कृपया यहाँ सम्पर्क गर्नुहोस्:
एसिया प्रसान्त ट्रान्सजेन्डर संजाल
इमेल: hello@weareaptn.org
वेबसाइट: www.weareaptn.org
51, Soi Sukhumvit 26, Klong Tan, Klong Toei, Bangkok 10110

APTN
Asia Pacific Transgender Network

# ट्रान्स व्यक्तिहरुको लागि अन्य कानूनी चरणहरु

ट्रान्स भएकोले मेरो मानव अधिकारहरु र कानूनी अधिकारहरु के हुन् ?

के ट्रान्स व्यक्तिहरुको मानव अधिकारलाई सम्मान गर्ने गरिएको छ भनेर देशहरुले देखाउनु पर्छ ?

ट्रान्स व्यक्तिहरुलाई सुरक्षित गर्ने गैर–भेदभावपूर्ण कानून नभएको अवस्थामा काम वा विद्यालयमा मेरो अधिकारहरु के हुन् ?

के ट्रान्स व्यक्तिहरुले कानूनी रुपमा विवाह गर्न सक्छन् ?

के मैले सैनिक सेवामा छुट पाउन सक्छु ?

मैले क्रस ड्रेस लगाएको कारण यदि प्रहरीले मलाई रोक्यो भने के मैले दोषारोपण लिनु पर्छ ?

यदि म पक्राउ परें भने मेरो अधिकारहरु के के हुन् ?

## *ट्रान्स व्यक्ति भएकोले मेरो मानव अधिकारहरु र कानूनी अधिकारहरु के हुन् ?*



मानव अधिकारहरू विश्वव्यापी हुन्छन् । यी अधिकारहरू सबैका लागि, सधैंका लागि, र सबै ठाउँका लागि हुन् । त्यसैले अरू व्यक्तिहरूको जस्तै ट्रान्स व्यक्तिहरूको पनि समान मानव अधिकार हुन्छ । मानव अधिकारको विश्वव्यापी घोषणाको शब्दमा "सबै मानवहरू गरिमा र अधिकारहरूमा समान र स्वतन्त्र भएर जन्म लिन्छन्" ।

लैंगिक पहिचान र यौनिक अभिमुखीकरणका मुद्दाहरूसंग विश्वव्यापी मानव अधिकारहरू कसरी लागू हुन्छ भनेर योग्यकर्ता सिद्धान्तले (Yogyakarta Principle) व्याख्या गर्छ । समानता र गैर भेदभावको अधिकारहरूदेखि सुरू भइ यी सिद्धान्तले धेरै किसिमका मानव अधिकारका मुद्दाहरूलाई समेटेको छ । यदि तपाईं ट्रान्स भएको कारणले तपाईंलाई अरू व्यक्तिहरूलाई भन्दा नराम्रो व्यवहार गरिएको छ भने यो तपाईंको लैंगिक पहिचानको आधारमा गरिएको भेदभाव हो ।

ट्रान्स व्यक्तिहरूलाई बन्चित गरिने अन्य साझा मानव अधिकारका मुद्दाहरू यी हुन् :



- ***सुरक्षाको अधिकार*** - किनभने ट्रान्स व्यक्तिहरू विरूद्धका हिंसाका घटनाहरू धेरै छन् ।



- ***सर्वोत्तम स्वास्थ सेवा र सुविधाको अधिकार*** - किनभने धेरै ट्रान्स व्यक्तिहरूले स्वास्थ व्यवसायीहरूबाट भेदभाव भोग्नु परेको हुन्छ र धेरैको आफ्नो चिकित्सकीय परिवर्तनात्मक समय पार गर्न त्यस्ता स्वास्थ सेवाहरूमा पहुँच हुँदैन ।



- ***काम गर्ने अधिकार*** - किनभने अरू व्यक्तिहरूले गर्ने जस्तै काम पाउन ट्रान्स व्यक्तिहरूले निकै संघर्ष गर्नु परेको हुन्छ, र धेरै न्यून तलवी काममा वा बेरोजगार हुन्छन् ।



- ***शिक्षाको अधिकार*** - किनभने धेरै ट्रान्स व्यक्तिहरूले उत्पीडन, धम्की, जिस्क्याई र भेदभाव पाएका हुन्छन् र विद्यालयबाट निकालिएका हुन्छन् ।



- ***विवाह गर्ने र परिवार बनाउने अधिकार*** - किनभने धेरै ट्रान्स व्यक्तिहरूको कानूनी रूपमा विवाह गर्ने र अपनाउने अधिकार छैन ।

1 http://www.yogyakartaprinciples.org/

## ट्रान्स व्यक्ति भएकोले मेरो मानव अधिकारहरू र कानूनी अधिकारहरू के हुन् ?



- ***वैयक्तिक अखण्डता वा शारीरिक स्वतन्त्रताको अधिकार*** – किनभने धेरै ट्रान्स व्यक्तिहरूले गर्भनिरोधक शल्यक्रिया वा बाँझोपनको परिणाम दिने चिकित्सकीय उपचार गरे पछि मात्र कानूनी रूपमा मान्यता पाउने र सुरक्षित हुने हुन्छ ।
- ***गोपनियताको अधिकार*** – किनभने धेरै ट्रान्स व्यक्तिहरूको लैंगिक पहिचान हाम्रो सहमति बिनानै अरूहरूको अगाडी खुलाइएको हुन्छ, विशेष गरी परिचयात्मक दस्तावेजहरूमा हामी जन्मदा दिइएको लिंग जब समावेश हुन्छ ।



यस ब्लुप्रिन्ट (Blueprint) को खण्ड २ मा यी मानव अधिकारहरूका मुद्दाहरू, र यसले एसिया प्रसान्त क्षेत्रको ट्रान्स व्यक्तिहरूको जीवनलाई कसरी असर गर्छ भन्ने, बारे थप सूचना समावेश छन् ।

2 http://www.weareaptn.org/asia-pacific-trans-health-blueprint-in-action/

## के ट्रान्स व्यक्तिहरूको मानव अधिकारलाई सम्मान गर्ने गरिएको छ भनेर देशहरुले देखाउनु पर्छ ?

यी मानव अधिकारहरूको दायित्वहरूलाई विस्तृत रूपमा वर्णन गर्ने संयुक्त राष्ट्र संघको ९ वटा अन्तराष्ट्रिय सन्धिहरू छन् ।



यस क्षेत्रका सबै देशहरूले यी सन्धिहरू मध्ये कम्तिमा पनि एउटामा हस्ताक्षर गरेका छन् र संयुक्त राष्ट्र संघमा ती देशहरूले आफ्नो प्रगति विवरण बुझाउनु पर्छ । संयुक्त राष्ट्र संघका विज्ञहरू पनि छन् जसले विशेष मानव अधिकारमा वा विशेष देशमा केन्द्रित रहेर काम गर्ने गर्छन् । तपाईले यी विज्ञहरूलाई वा मानव अधिकार उल्लंघन भएमा उजुरी गर्ने अन्तराष्ट्रिय सन्धिको (यदि तपाईको देशले त्यो सन्धिमा हस्ताक्षर गरेको छ भने) कुनै पनि कार्यभार समितिलाई उजुरी लेख्न सक्नुहुन्छ । यसको मतलव तपाईको सरकारलाई त्यस विषयमा प्रश्न सोधिने छ । संयुक्त राष्ट्र संघमा व्यक्तिगत उजुरीहरू पनि गर्न सकिन्छ, तर तपाईले आफ्नो देशका सबै विकल्पहरू पार गरिसकेपछि मात्र । संयुक्त राष्ट्र संघसंग कुनै पनि देशलाई दवाव दिएर उसको कानून परिवर्तन गर्न सक्ने शक्ति छैन । यद्यपि, धेरै देशहरू अन्तराष्ट्रिय समुदायमा आफ्नो छवी राम्रो बनाउन वा आफ्नो सहयोगी देशहरूको विचार सुन्न खोज्छन् । संयुक्त राष्ट्र संघ वा आफ्नो क्षेत्रको अन्य देशहरूबाट कडा आलोचनाले तपाईको देशमा मानव अधिकारहरू सुधार्न सहयोग गर्न सक्छ ।

## कुन कानूनहरुले तपाईंको देशमा ट्रान्स व्यक्तिहरुको मानव अधिकारलाई समर्थन गर्छन् ?




सबै देशहरूले मानव अधिकारको विश्वव्यापीकारणलाई सम्मान गर्न आवश्यक हुँदा पनि केही देशहरूले मात्र यी अधिकारहरूलाई आफ्नो संबिधान वा स्थानीय कानूनहरूमा लागू गर्ने गरेका छन् । त्यसैले ट्रान्स व्यक्तिहरूको कानूनी अधिकारहरू देश पिच्छे फरक फरक छन् ।

यस क्षेत्रको केही देशहरूमा लैंगिकताको आधारमा कसैलाई पनि भेदभाव गर्नु हुँदैन भनेर कानूनले स्पष्टसंग बोलेको छ । उदाहरणको लागि फिजी र नेपाल दुवै देशको संविधानले ट्रान्स व्यक्तिहरूको लागि गैर-भेदभाव पूर्ण सुरक्षाको व्यवस्था गरेको छ । एसियामा फिलीपिन्सको केही गैर-भेदभाव पूर्ण अध्यादेशहरू छन् र सेप्टेम्बर २०१५ मा थाईल्याण्डले लैंगिक समानता ऐन बनाएको थियो । तपाईको देशमा यस्ता अन्य कानूनहरू हुनसक्छ जसले ट्रान्स व्यक्तिहरू समेत सबैको सुरक्षा गर्ने व्यवस्था गरेको हुन्छ । जस्तै बालबालिकाहरूको विद्यालयमा सुरक्षित हुन पाउने अधिकार, वा रोजगारीमा कसैले कसैलाई पनि भेदभाव गर्न नहुने नियमहरू, आदि ।

आफ्नो देशको कानूनहरूको बारे जानकार रहनुहोस् र ट्रान्स भएकै कारण तपाईलाई अरूलाई भन्दा फरक व्यवहार गरिन्छ भने त्यस्तो बेला कसरी उजुरी गर्न सकिन्छ भनेर जानी राख्नुहोस् । मानव अधिकारमा काम गर्ने संस्थाहरू, निशुल्क कानूनी केन्द्रहरू वा LGBT समुहहरूसंग यस बारे सूचना हुनसक्छ ।

## कुन कानूनहरूले तपाईंको देशमा ट्रान्स व्यक्तिहरूको मानव अधिकारलाई समर्थन गर्छन् ?

केही देशहरूमा तपाईंले राष्ट्रिय मानव अधिकार संस्थाहरूमा उजुरी गर्न सक्नुहुन्छ । तपाईंले यस क्षेत्रको सबै मानव अधिकार संस्थाहरूको सूची एसिया प्रसान्त फोरमको वेबसाइटमा हेर्न सक्नुहुन्छ । ट्रान्सहरूको मानव अधिकार सम्बन्धी काम गर्ने त्यस्ता अन्य निकायहरू हुनसक्छन् । उदाहरणको लागि, इन्डोनेसियामा यो काम महिला विरूद्धको हिंसा आयोगले गर्ने गर्दछ ।

सबै भन्दा स्पष्ट देखिने गैरभेदभाव पूर्ण कानूनले के भन्छ भने, ट्रान्स व्यक्तिहरू उनीहरूको लैंगिक पहिचान वा लैंगिक अभिव्यक्तिको आधारमा सुरक्षित हुन्छन् । कहिलेकाहिँ ट्रान्स व्यक्तिहरू लिंग विरूद्ध हुने भेदभाव सम्बन्धी कानूनहरूबाट पनि सुरक्षित हुन्छन्, जस्तै न्युजील्याण्डमा ।

धेरै देशहरूमा महिलाहरू र पुरूषहरू बारे बोल्ने केही कानूनहरू हुन्छन् । यदि तपाईंले कानूनी रूपमा आफ्नो लिंग वा लैंगिकता परिवर्तन गर्न सक्नुहुन्न भने, यी कानूनहरू कसरी तपाईंमा लागू हुन्छन् भनेर तपाईंलाई स्पष्ट नहुन सक्छ । लैंगिक तटस्थ कानूनहरूले ट्रान्स व्यक्तिहरूलाई राम्रोसंग सुरक्षा प्रदान गर्न सक्छन् । उदाहरणको लागि, यसमा बलात्कार सम्बन्धी कानूनहरू जसले कुनै पनि लिंग, लैंगिक पहिचान वा शरीर भएको व्यक्तिको बलात्कार हुनसक्छ भनेर मान्ने कानूनहरू समेत समावेश छन् ।

3 http://www.asiapacificforum.net/members/

## ट्रान्स व्यक्तिहरूलाई सुरक्षित गर्ने गैर–भेदभावपूर्ण कानून नभएको अवस्थामा काम वा विद्यालयमा मेरो अधिकारहरू के हुन् ?

यदि तपाईं पढ्नु हुन्छ भने विद्यालय, कलेज वा विश्वविद्यालयमा सबै विद्यार्थीहरूको शिक्षाको अधिकारलाई समर्थन गर्ने शिक्षाको लागि समान अवसरको नीति हुनसक्छ । केही शैक्षिक संस्थाहरूमा अल्पसंख्यिक समुहलाई प्रोत्साहन गर्ने विविधता नीतिहरू हुन्छन् । तपाईंले यी नीतिहरूमा ट्रान्स व्यक्ति पर्छन् कि पर्दैनन् भनेर हेर्न यी नीतिहरूको एक प्रति माग्न सक्नु हुन्छ ।



यदि तपाईंले आफ्नो काममा भेदभाव भोग्नु भएको छ भने, तपाईंको सुरक्षा गर्न तपाईंको कम्पनीमा समान रोजगारीको अवसरको नीति हुनसक्छ, विशेष गरी यदि कम्पनीले धेरै व्यक्तिहरूलाई रोजगारी दिएको छ वा यो बहुराष्ट्रिय कम्पनी हो भने ।

यदि कुनै कम्पनीमा समान रोजगारीको अवसर अधिकारी वा LGBT र अन्तरलिंगी (intersex) कर्मचारीहरूका लागि समुह छ भने सल्लाहको लागि तपाईंले उनीहरूसंग सोध्न सक्नुहुन्छ । समान रोजगारीको अवसरको नीति बिना पनि स्वास्थ र सुरक्षा र गैर-भेदभाव सम्बन्धी कानूनहरूले काममा सबै कर्मचारीहरूको सुरक्षा गर्न रोजगारदातालाई निर्देशन गरेको हुनसक्छ । यदि तपाईं कुनै ट्रेड युनियनमा (Trade Union) हुनुहुन्छ भने, उनीहरूको सल्लाह मागेर हेर्नुहोस् ।

## के ट्रान्स व्यक्तिहरूले कानूनी रुपमा विवाह गर्न सक्छन् ?

एसिया र प्रसान्त क्षेत्रमा धेरै देशहरूले महिला र पुरूष बीच भएको विवाहलाई मात्र मान्यता दिने गर्छन् । यदि एक ट्रान्स व्यक्तिले कानूनी रूपमा आफ्नो लिंग परिवर्तन गरे, उनीहरूले त्यही लिंगमा आधारित भएर विवाह गर्न पाउने बढ्दै गएको छ । उदाहरणको लागि, सन् २०१३ मा हंगकंगको उपल्लो पुनरावेदन अदालतले, *W* (नाम परिवर्तन) विरूद्ध हंगकंग विवाह रजिष्ट्रारको मुद्दामा, लिंग पुनःनियुक्ति शल्यक्रिया गरेको ट्रान्स महिलाले अन्त्यमा आफ्नो केटासाथीसंग विवाह गर्न अनुमति दिइएको थियो । न्युजील्याण्डको समान विवाहको कानूनले मानिसहरूलाई लिंग, लैंगिक पहिचान वा यौनिक अभिमुखीकरण जेसुकै भएको भए पनि अर्को योग्य व्यक्तिसंग विवाह गर्न अनुमति दिन्छ ।



जब ट्रान्स व्यक्तिहरूले कानूनी रूपमा विवाह गर्न सक्दैनन्, त्यस्तो बेला ट्रान्स जोडीहरूले आफ्नो सम्बन्धको उत्सव मनाउन प्रतिबद्धता समारोह वा त्यस्तै अन्य किसिमका कार्यक्रमहरू गर्ने गर्छन् । यी समारोहहरू कानूनी सम्बत हुँदैन र दुई जना व्यक्तिहरू कानूनी रूपमा विवाहित हुन् भन्ने मान्यता हुँदैन ।

## के मैले सैनिक सेवामा छुट पाउन सक्छु ?



केही देशहरू जस्तै, थाईल्याण्ड, सिंगापुर र दक्षिण कोरियामा सैनिक सदस्यताको प्रावधान छ, त्यसैले सबै पुरूष नागरिकहरूले सैनिकमा सेवा गर्नु पर्छ ।

थाईल्याण्डमा यदि कुनै ट्रान्स महिलासँग लैंगिक dysphoria वा लैंगिक पहिचानको असन्तुलन भएको खण्डमा, उनीहरूलाई सैनिक सेवामा छुट दिने गरिन्छ । APTN को सहयोगमा, थाई ट्रान्स जेन्डर अलाएन्सले मानव अधिकारमा आधारित रहेर ट्रान्स व्यक्तिहरूको सैनिक सदस्यताको बारे श्रोतहरू अद्यावधिक गरेको छ । यसमा भिडियो र comic चित्राकित श्रोतहरू समावेश छन् ।

दक्षिण कोरियामा ट्रान्स महिलाहरूले सैनिक सेवामा छुट पाउन सक्छन् । केही अवस्थाहरूमा, निदान आफैमा पर्याप्त छ । अन्य अवस्थाहरूमा तपाईंले थप प्रमाणहरू पेश गर्नु पर्ने हुनसक्छ, जस्तै केही विशेष किसिमको शल्यक्रियाको प्रमाण (जस्तै अण्डकोष निकालिएको) । कसैको सहमति बिना नै उसको चिकित्सकीय प्रक्रिया, बाँझोपन निम्त्याउने समेत, गर्न लगाउने भनेको मानव अधिकारहरूको मानक (Human Rights Standard) विरूद्ध हो । यदि सैनिक सेवाको छुटको लागि यो प्रमाण दिन तपाईं दवावमा भएको महसुस गर्नुहुन्छ भने कानूनी परामर्श लिने सोच्नुहोस् ।

सिंगापुरमा, ट्रान्स महिलाहरूलाई सैनिक सेवामा छुट लिनको लागि मानसिक मुल्यांकन लिन आवश्यक हुन्छ । यो छुटले पुरूष समलिंगी (gay) पुरूषहरू र ट्रान्स व्यक्तिहरूलाई बाल यौन दुराचारी (pedophile) हरूलाई एकै समुहमा राखिएको छ र यो लान्छना युक्त छ । यदि तपाईंको उमेर २१ वर्ष भन्दा मुनि छ भने, तपाईंको आमाबुवालाई पनि अन्तर्वार्ताको लागि बोलाईन सक्छ ।

सिंगापुरमा यदि ३५ वर्ष भन्दा मुनिको ट्रान्स पुरूषहरूले आफ्नो परिचय पत्रमा आफ्नो लिंग पुरूष भनेर परिवर्तन गरेका छन् भने उनीहरूलाई सैनिक सेवामा बोलाइन सक्छ। अन्य राष्ट्रिय सेवाका भर्तिहरूलाई जस्तै तपाईंले पनि मानक स्वास्थ (Standard Health) र मानसिक परिक्षण पास गर्नु पर्ने हुन्छ । तपाईं ट्रान्स पुरूष हो भनेर थाहा पाए पछि स्वास्थ्य अधिकारीहरूले तपाईंलाई छुट दिने सुझाव दिनेछन् । एसियाको अन्य देशहरूमा, ट्रान्स पुरूषहरू सैन्य सदस्यताबाट प्राय हटाइएको हुन्छ किन भने उनीहरूलाई पुरूष भनेर पहिचान गरिंदैन ।

4 Video: http://youtu.be/Q51uZ1nPILE [Thai with English sub-titles]; comic resource https://www.facebook.com/media/set/?set=a.1516606058641894.1073741829.1448611702107997&type=3 [Thai] and http://bangkok.coconuts.co/2016/02/23/how-treat-katoey-thai-transgender-alliance-hands-out-guidelines-military [English].

## मैले क्रस ड्रेस लगाएको कारण यदि प्रहरीले मलाई रोक्यो भने के मैले दोषारोपण लिनु पर्छ ?

कसैलाई जन्मदा पुरूष भन्ने लिंग दिइएको छ भने उसलाई महिलाको जस्तो लुगा लगाउन क्रस ड्रेस सम्बन्धी कानूनहरूले वर्जित गर्छ । जन्मदा पुरूषको लिंग दिइएको तर महिलाको जस्तो लुगा लगाउने कार्यलाई प्राय 'महिला प्रतिरूपण' भनेर भनिन्छ । तर 'पुरूष प्रतिरूपण' लाई गैरकानूनी बनाउने क्रस ड्रेस सम्बन्धी कानूनहरू हुनु भनेको निकै कम सामान्य हुन्छ । धेरै ट्रान्स महिलाहरू (र ट्रान्स पुरूषहरू) आफुले महिला (वा पुरूष) को 'प्रतिरूपण' (क्रस ड्रेस) गरेको भनेर भन्दा मनपराउँदैनन् ।

क्रस ड्रेस सम्बन्धी कानून भएको ठाउँमा क्रस ड्रेसको जरिवानामा दोषारोपण लिएमा धेरै जोखिम हुनसक्छ । मलेसियामा नेग्री सेम्बिलान सारीया (Negri Sembilan Shariah) कानूनको दफा ६६ अन्तर्गत धेरै पटक ट्रान्स महिलाहरू पक्राउ पर्ने गरेको जस्टिस फर सिस्टरस (Justice for Sisters) ले भेटेको थियो । धेरैले आफै दोषारोपण लिएका थिए किनभने उनीहरूले आफु जो हो र ट्रान्स जेन्डर हुनु भनेको गलत हो भन्ने सोच्थे । उनीहरूले जीवनलाई अघि बढाउन आफ्नो मुद्दाहरू सकेसम्म छिटो समाप्त गरौं भन्ने पनि चाहन्थे । यद्यपि, एक पटक दोषी ठहरे पछि, आफ्नो सामान्य महिलाको लुगा लगाएकोमा, उनीहरूले दोहोर्याएर अपराध गरेको भनी फेरी पक्राउ गरिएको थियो । उनीहरूलाई अदालत लगिन्थ्यो र जरिवाना लगाईन्थ्यो वा पुरूषहरूको कारागारमा केही समय पठाईन्थ्यो । यदि उनीहरू पक्राउ परे र आफै दोषारोपण लिनु पर्ने दवावमा परेको अवस्थामा ट्रान्स महिलाहरूको अधिकारहरू बारे व्यवहारिक सल्लाह दिने कार्ड जस्टिस फर सिस्टर्स् (Justice for Sisters) ले बनाएको छ ।



## मैले क्रस ड्रेस लगाएको कारण यदि प्रहरीले मलाई रोक्यो भने के मैले दोषारोपण लिनु पर्छ ?

जस्टिस फर सिस्टर्स् (Justice for Sisters) यस क्षेत्रको एउटा यस्तो समुह हो जसले कानूनी रूपमा महिला प्रतिरूपण वा क्रस ड्रेस सम्बन्धी कानूनहरूलाई चुनौती दिएको छ । सन् २०११ देखि जस्टिस फर सिस्टर्स (Justice for Sisters)ले मलेसियामा क्रस ड्रेस सम्बन्धी कानूनलाई चुनौती दिदै आएको छ । नोभेम्बर २०१४ मा मलेसियाको पुनरावेदन अदालतले नेग्री सेम्बिलान (Negeri Sembilan) ट्रान्स महिलाहरूको संबैधानिक अधिकारसंग नमिलेको पाएको थियो । अक्टोबर २०१५ मा यो निर्णय प्राविधिक कारण उल्ट्याइएको थियो । समोआमा महिला प्रतिरूपण अपराध हो भनेर गरिएको व्याख्या अपराध ऐन २०१२ बाट हटाइएको थियो ।

5 https://justiceforsisters.wordpress.com/laws/
6 Section 66 of the Syariah Criminal Enactment 1992, in the state of Negeri Sembilan: https://justiceforsisters.wordpress.com/2015/10/06/section-66-appeal-at-the-federal-court/

## यदि म पक्राउ परें भने मेरो अधिकारहरू के के हुन् ?

केही कानूनहरू र नीतिहरू छन् जसले ट्रान्स व्यक्तिहरूलाई अरू व्यक्तिहरूलाई भन्दा बढी प्रभाव पर्छ । यसमा अनिवार्य सैनिक सदस्यता, सार्वजनिक बाधा र कानूनहरूको अस्पष्टता र यौन व्यवसाय वा 'क्रस ड्रेसिंग'लाई वर्जित गर्ने कानूनहरू पर्दछन् । त्यसैले, यदि तपाईं पक्राउ पर्नु भयो भने आफ्नो अधिकारहरू जानी राखेको महत्त्वपूर्ण हुन्छ । तपाईंले आफ्नो नाम र ठेगाना प्रहरीलाई दिनु पर्ने हुनसक्छ तर उनीहरूले सोध्ने प्रश्नहरूको उत्तर दिने वा नदीने भन्ने छनौट तपाईंले गर्न सक्नु हुन्छ । कुनै पनि अभियोगमा आफ्नो रक्षा गर्न नदीई तपाईंलाई कति समय हिरासतमा राख्ने भन्ने कुराको कानूनमा समय सीमा हुन्छ ।

यदि प्रहरीले तपाईंलाई पिट्यो, उत्पीडन गर्यो, वा उनीहरूसंग तपाईंलाई हिरासतमा हुँदा जबरजस्ती यौन सम्पर्क गर्न लगाईयो भने त्यो मानव अधिकारको उल्लंघन हो ।

यदि तपाईंको देशमा क्रस ड्रेस, कानूनी अस्पष्टता, वा सार्वजनिक बाधा हुने किसिमको कानूनहरू ट्रान्स व्यक्तिहरूको विरूद्ध प्रयोग हुन्छ भने, पक्राउ परेको खण्डमा थाहा पाउनु पर्ने आफ्नो अधिकारहरूको बारे नि:शुल्क कानूनी सेवा केन्द्रहरू वा आफ्नो स्थानीय कानून समाजमा तपाईंले सोध्न सक्नुहुन्छ । प्रवासी ट्रान्स कामदारहरूले प्रवासी कामदारहरूको केन्द्र वा हेल्पलाइनमा सुझावको लागि सम्पर्क गर्न सक्नुहुन्छ । यदि तपाईंको देशमा यौन व्यवसाय वा समलैंगिकतालाई अपराधीकरण गरिएको छ भने यौनकर्मीहरू वा पुरषसंग यौन सम्पर्क गर्ने पुरूषहरूको लागि वकालत गर्ने संस्थाहरूसंग तपाईंको कानूनी अधिकारहरू के के हुन् भन्ने सूचना हुनसक्छ ।

यस क्षेत्रको धेरै ठाउँहरूमा, ट्रान्स व्यक्तिहरू, विशेष गरी ट्रान्स महिलाहरू, विरूद्ध प्रहरीले गर्ने हिंसा विद्यमान छ । ट्रान्स जेन्डर व्यक्तिहरू थुनामा पर्दा, अनुसन्धान र थुनाको नीतिहरूमा उनिहरूको लैंगिक पहिचानको मान्यता नभएको कारणले, उनीहरू माथि दुरूपयोगको जोखिम धेरै हुन्छ । संयुक्त राष्ट्र संघको समितिहरू र विज्ञहरूले थुनामा हुँदा ट्रान्स व्यक्तिहरू (विशेष गरी पुरूष कारागारमा राखिने ट्रान्स महिलाहरू) विरूद्ध हुने हिंसाहरू र दुरूपयोगहरूलाई औंल्याउँदै आएका छन् । हंगकंगमा, ट्रान्स जेन्डर श्रोत केन्द्रले प्रहरी समेत अन्य सुरक्षा निकायहरू, अध्यागमन विभाग र सुधार सेवाहरूको विभागहरूसंग ट्रान्स व्यक्तिहरूको अनुभवहरूलाई परिक्षण गरेको छ । त्यहाँको समान अवसर आयोगले यो अनुसन्धानलाई समर्थन गरेको छ । न्युजिल्याण्ड र अष्ट्रेलियन मानव अधिकार आयोगहरूले ट्रान्स जेन्डर व्यक्तिहरूलाई थुनामा सुरक्षित गर्न र पुनर्स्थापना गर्न र चिकित्सकीय रूपमा आवश्यक हर्मोन थेरापीको पहुँच गर्न थुना नीतिको पुनरावलोकन गर्नु पर्छ भनेर बोलेको छ ।



7 APTN or the Asia Pacific Network of Sex Workers (http://www.nswp.org/members/asia-and-the-pacific/asia-pacific-network-sex-workers-apnsw) may have this information.
8 Speech by Dr York Y.N. CHOW, Chairperson, Hong Kong Equal Opportunities Commission, August 2015.
9 New Zealand Human Rights Commission, To Be Who I Am: Report of the Inquiry into Discrimination Experienced by Trans gender People, 2008; Australian Human Rights Commission, Resilient Individuals: Sexual Orientation, Gender Identity and Intersex Rights. National Consultation report 2015.

**ट्रान्स व्यक्तिहरु, उनीहरुको परिवारहरु, साथीहरु र सहकर्मीहरुको लागी यी श्रोतहरु एसिया प्रसान्त ट्रान्सजेन्डर संजाल** (Asia Pacific Transgender Network APTN)**ले बनाएको हो ।**


**एसिया र प्रसान्त क्षेत्रका ट्रान्स व्यक्तिहरुका लागी उपलब्ध सूचनाहरुमा धेरै रिक्तताहरु छन् । आफ्नो देशमा सबै भन्दा धेरै सोधिने प्रश्नहरुको बारे** APTN**ले आफ्नो सदस्यहरुसंग सोधेको थियो । ती विषयहरु निम्न ७ श्रोतहरुमा संलग्न गरिएका छन् :**

१. मलाई लाग्छ म ट्रान्स हुनसक्छु
२. तपाईं ट्रान्स हो भनेर अरूलाई भन्ने
३. आफ्नो स्वरूप वा लैंगिक अभिव्यक्ति परिवर्तन गर्ने
४. परिवर्तनात्मक समयको कानूनी चरणहरू
५. ट्रान्स व्यक्तिहरूको लागि अन्य कानूनी चरणहरू
६. परिवर्तनात्मक समयको चिकित्सकीय चरणहरू
७. सुरक्षित र बलियो राख्ने

प्रत्येक श्रोतहरूको अन्त्यमा APTN र प्रसान्तीय यौनिक विविधता संजालको सम्पर्क विवरणहरू छन् । यदि तपाईंलाई सम्पर्क विवरणहरू वा आफ्नो देश संबन्धि अझ बढी सूचनाको आवश्यकता भएमा उनीहरूलाई इमेल गर्नुहोस् ।

**एसिया प्रसान्त ट्रान्सजेन्डर संजाल**
इमेल: hello@weareaptn.org
वेबसाइट: www.weareaptn.org

यी तथ्यांक पानाहरूमा अक्टोबर २०१५ मा प्रकाशित एसिया र प्रसान्त ट्रान्स स्वास्थ ब्लुप्रिन्ट (Asia and Pacific Trans Health Blueprint) का खण्डहरू समेत अन्य श्रोतहरूका लिंकहरू छन् । यसमा प्रसान्त क्षेत्र र एसियाका धेरै देशहरूका सूचना र उदाहरणहरू समावेश छन् । APTN को उद्येश्य भनेको कम्तीमा यी श्रोतहरूको केही भागहरू स्थानीय भाषामा अनुबाद गर्न कोष जुटाउनु हो ।



APTN
Asia Pacific Transgender Network

Nepali translation by :
**Blue Diamond Society, Nepal**

Supported by:

APTN
Asia Pacific Transgender Network